# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## कोशी प्रदेश, नेपाल

प.स. २०८१/०८२
च.नं. ०३२९५

मितिः २०८१/१२/२०गते
ने.सं.११४५, चौलाथ्व, ४ बुधवार

**नगर प्रहरी करार सेवामा लिने सम्बन्धि सूचना**
**(सूचना प्रकाशित मितिः२०८१।१२।२०)**

रामधुनी नगरपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी नगर प्रहरीको विभिन्न पदहरुमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योगयता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ४:०० बजे सम्म राजस्व तिरेको रसिद सहितको दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सुचना प्रकाशन गरिएको छ। सेवाका शर्तहरु, तलव तथा अन्य सुविधा नगरपालिकाको निर्णय वा प्रचलित कानून बमोजिम हुनेछ । दरखास्त फारम कार्यालय वा वेवसाइट www.ramdhunimun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०१/२०८१-०८२ | खुला | नगर प्रहरी सहायक निरिक्षक | चौथो | १ |
| २. | ०२/२०८१-०८२ | खुला | नगर प्रहरी हवल्दार | तेस्रो | १ |
| ३. | ०३/२०८१-०८२ | आ.ज. | नगर प्रहरी हवल्दार | तेस्रो | १ |
| ४. | ०४/२०८१-०८२ | खुला | नगर प्रहरी जवान | दोस्रो | ३ |
| ५. | ०५/२०८१-०८२ | आ.ज. | नगर प्रहरी जवान | दोस्रो | १ |
| ६. | ०६/२०८१-०८२ | महिला | नगर प्रहरी जवान | दोस्रो | १ |
| ७. | ०७/२०८१-०८२ | दलित | नगर प्रहरी जवान | दोस्रो | १ |

१२/२०

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

CamScanner

परिक्षाको किसिमः- शारिरीक तन्दुरुस्ती तथा स्वास्थ्य परिक्षण र अन्तर्वार्ता ।

परीक्षा कार्यक्रमः-

| परीक्षा मिति र समय | |
|---|---|
| प्रथम चरण | द्वितीय चरण |
| शारिरीक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षण | अन्तर्वार्ता |
| सम्पर्क मिति २०८२/०१/०५ गते बिहान १०:००बजे | शारिरीक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षणको नतिजा सगै प्रकाशन गरिनेछ । |

परीक्षा दस्तुरः- नगर प्रहरी सहायक निरिक्षकको विज्ञापनका लागि दरखास्त रु.५००/- (पाँच सय मात्र)

नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको विज्ञापनका लागि दरखास्त रु.३००/- (तिन सय मात्र)

(नोटः समावेशी समूह तर्फ थप विज्ञापनका आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक थप समूहको लागि थप २०% रकम दस्तुर वापत बुझाउनु पर्नेछ।)

दरखास्त दिने अन्तिम मितिः- २०८२/०१/०३ गते दिउँसो ४:०० बजे भित्र

दरखास्त बुझाउने स्थानः- रामधुनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, झुम्का, सुनसरी।

दरखास्त दस्तुर बुझाउने स्थानः- रामधुनी नगरपालिका, झुम्का, सुनसरी (राजश्व शाखा)।

दरखास्त दस्तुर बुझाउने अन्तिम मितिः- २०८२/०१/०३ गते दिउँसो २:०० बजे भित्र ।

पेश गर्नु पर्ने कागजातहरुः- उम्मेदवारले शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजातहरुको प्रतिलिपि लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र।

पदमा रही गर्नुपर्ने कामको विवरणः- तोकिए बमोजिम ।

तलबः- नगरपालिकाले तोके बमोजिम वा प्रचलित कानून बमोजिम।

आवश्यक न्यूनतम योग्यताः-

१. नगर प्रहरी जवानका लागिः

(क) नेपाली नागरिक ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई/ एस.एल.सि. वा सो सरह उतिर्ण ।

(ग) दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ बर्ष उमेर पुरा भई २५ बर्ष ननाघेको तर अन्य सरकारी सुरक्षा निकाय बाट अवकास भएका व्यक्तिको हकमा ४५ बर्ष ननाघेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

(ङ) कुनै पनि राजनितिक दलको सदस्य नरहेको ।

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

CS CamScanner

२. नगर प्रहरी हवल्दारका लागिः

(क) नेपाली नागरिक ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई/ एस.एल.सि. वा सो सरह उतिर्ण ।

(ग) दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ बर्ष उमेर पुरा भई २५ बर्ष ननाघेको तर अन्य सरकारी सुरक्षा निकाय बाट अवकास भएका व्यक्तिको हकमा ४५ वर्ष ननाघेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

(ङ) कुनै पनि राजनितिक दलको सदस्य नरहेको ।

३. नगर प्रहरी सहायक निरिक्षकको लागिः

(क) नेपाली नागरिक ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण ।

(ग) दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ बर्ष उमेर पुरा भई २५ बर्ष ननाघेको तर अन्य सरकारी सुरक्षा निकाय बाट अवकास भएका व्यक्तिको हकमा ४५ वर्ष ननाघेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

(ङ) कुनै पनि राजनितिक दलको सदस्य नरहेको ।

**शारीरिक तन्दुरुस्त तथा स्वास्थ्य परिक्षणको लागि देहायको मापदण्ड पूरा भएको हुनु पर्नेछ।**

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १. | उचाई | घटिमा ५ फिट २ इन्च (५'२") | घटिमा ५ फिट (५'-०") |
| २. | छाती | छाति ३१-३३, इन्च (३१'-३३") | छाति ३१-३३, इन्च (३१'-३३") |
| ३. | वजन | ५२ के.जि. | ५० के.जि. |
| ४. | आँखा परीक्षण | +२ देखी -२ भन्दा कमजोर नभएको | +२ देखी -२ भन्दा कमजोर नभएको |
| ५. | color vision test | रंग पहिचान सम्बन्धि दोष नभएको | रंग पहिचान सम्बन्धि दोष नभएको |

नोटः- शारिरीक तन्दुरुस्त परीक्षणमा उल्लिखित मापदण्ड पुग्ने उम्मेदवारहरु मात्र दरखास्तका लागि योग्य हुन्छन्। तोकिएको मापदण्ड पुरा नभई दरखास्त पेश गरेमा उम्मेदवार स्वयम् जवाफदेही हुनु पर्नेछ।

द्रष्टव्यः-

१. प्रथम चरणको परीक्षा उत्तिर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरुलाई नगर प्रहरी ऐन, २०८१ को दफा १० को उपदफा ४ बमोजिम मुल्याङ्कन गरि सूचिकरण गरिनेछ । सूचिकरणमा सफल उम्मेदवारहरु मात्र अन्तर्वार्ता परीक्षामा सहभागी हुन पाउनेछन।

२. उम्मेदवारले दरखास्त पेश गर्दा "म शारीरिक रुपमा तन्दुरुस्त छु" भनि स्वघोषणा गर्नुपर्नेछ ।

१२/२०

प्रमुख प्रशासकीय अधिकृत
शम्भुजी नगरपालिका

CamScanner

३. शारिरीक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षण र अन्तर्वार्ता परीक्षाहरु तोकिएको स्थानमा हुनेछ।

४. खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा दरखास्त दिने उम्मेदवारलाई एक पटक मात्र शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ ।

५. शारिरीक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षणमा आउँदा प्रवेश पत्र र नागरिकता साथै शारिरीक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षणमा उतिर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यता, नागरिकता सक्कल प्रमाणपत्र तथा प्रतिलिपि अनिवार्य रुपमा पश गर्नुपर्नेछ ।

६. खुला तथा समावेशी तर्फको परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ ।

७. उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा गरिनेछ ।

८. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा प्रचलित कानूनी व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

९. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

१०.उम्मेदवारहरुले शैक्षिक योग्यता, नागरिकता प्रमाणपत्र तथा अन्य कागजातको प्रतिलिपि पेश गर्दा अनिवार्य रुपमा आफैले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गर्नुपर्नेछ ।

**समावेशी समूहतर्फ दिने उम्मेदवारहरुका लागि बिशेष निर्देशनः-**

१. आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोहि सूचिको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

२. दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोहि सूचिको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

........................

प्रमोद कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत